अर्थ समितिको आजको पहिलो बैठकमा समितिका ज्येष्ठ सदस्य मा. श्री महन्थ ठाकुरको ढिलो उपस्थितको जानकारी संगै तत्काल उपस्थित माननीय सदस्यहरु मध्ये ज्येष्ठ सदस्य मा. कु. तुल्सि थापाको सभापतित्वमा आरम्भ भई माननीय सदस्य श्री महन्थ ठाकुरको उपस्थिति पश्चात उहाँकै सभापतित्वमा समितिको कार्यक्षेत्र र आगामी कार्यसुचि सम्बन्धमा समितिका माननीय सदस्यहरुविच छलफल भई तपशिलका निर्णय पारित गर्दै सम्पन्न भयो ।

१. अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी वोर्डसँग ३ दिन भित्र समितिमा आइपुग्ने गरी देहायका विवरण माग गर्ने :-

- समितिले विगत ५ वर्षमा दिएका निर्देशन कार्यान्वयनको अवस्था , निर्देशन कार्यान्वयन नभएको भए कार्यान्वयन नहुनुका कारण, कार्यान्वयन गर्ने जिम्मेवार पक्ष र कार्यान्वयनको भावी कार्ययोजना,
- विगत ५ वर्षमा राजश्व , पूँजिगत खर्च, वैदेशिक सहायता लगायतको लक्ष्य र प्रगति सहितको बजेट कार्यान्वयनको अवस्था र प्रवृत्तीको विवरण,
- विगत ५ वर्षको आयात निर्यात लगायतका समष्टिगत आर्थिक परिसूचकहरुका लक्ष्य र प्रगतिको अवस्था/प्रवृत्ति,
- सहश्राब्दी विकास लक्ष्यका प्रगति र दिगो विकास लक्ष्यका हाल सम्मका उपलब्धीका साथै भावि कार्ययोजना,
- लगानीबोर्डका हालसम्मका कामकारवाहीको विवरण,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका काम कारवाही , राजश्व वाँडफाडका आधार र सिफारिस,
- राष्ट्रिय योजना आयोगले आगामी राष्ट्रिय जनगणना गर्नको लागि गरेका तयारी सँग सम्बन्धित काम कारवाही र आर्थिक गणनासँग सम्बन्धित भएका काम कारवाहीको विवरण,

२. उपरोक्त विवरण प्राप्त भएपछि सचिवालयले मा. सदस्यहरुलाई वितरण गर्ने र मिति २०७५।०४।२७ गते आइतवार विहान ११ बजे बस्ने वैठकमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी बोर्डका पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने ।